# परिशिष्ट

# परिशिष्ट

# परिवर्त्तन

*रूपनारायण सिंह*

(१)

सुख सम्बन्धसूचक शब्द हो। कुनै व्यक्ति सुखी छ भन्नाले उक्त व्यक्तिको अवस्था तथा स्थिती अरूहरूको तुलनामा श्रेय छ, यही अभिप्राय: बुझिन्छ । वृद्ध रतनसिंहको अवस्था स्वच्छ थियो, शहरमा प्रतिष्ठा थियो, विद्वान समाजमा आदर थियो, वृद्ध सर्व प्रकारले सुखी थिए।

वृद्धावस्थामा पुत्ररत्न प्राप्त भयो, वृद्धको हर्षको सीमा रहेन । वृद्धको चिरसञ्चित अभिलाषा पूर्ण भयो। नवागत शिशुको आगमनले वृद्धको वंश लोप हुने शङ्का दूर भयो। शहरका सुयोग्य पण्डित श्री देवशर्मा माथि पुत्रको शिक्षाको भार सुम्पेर, वृद्ध निश्चिन्त पूर्वक समय यापन गर्न थाले।

प्रतापसिंह प्रियदर्शन धीमान् तथा मिष्ट भाषी बालक भयो। बालकको सुन्दर, सरल आकृति, मिष्ट भाषण औ शिष्ट आचरणले सबै मुग्ध थिए। प्रताप सरलताका मूर्ति थियो, स्वर्गीय शान्ति एवं पवित्रता त्यसका प्रफुल्ल मुख कमलमा विराजमान थिए। भविष्यमा प्रतापबाट देश र दस जनाको अवश्य उपकार होला। सबैले एक मुख भएर यो कुरा स्वीकार गर्थे। पुत्रको बालमुख प्रशंसा सुनेर वृद्ध आनन्दाश्रु बहाउँदै, मन मनैमा इष्ट देवता प्रति प्रमाण गर्थे।

(२)

अनेक वर्ष अतीत भयो । अमावस्याको रात्री थियो औ माघको मैना । दारूण शीत र घनान्धकारले समस्त संसारलाई छोपी राखेका छन्। निस्तब्ध, जनमानवहीन सड़कमा यस्तो असमयमा एउटा व्यक्ति अति सतर्कता संग हिडी रहेको छ। साधारणत : भद्र मानिसहरू विशेषत: यस्तो कुसमयमा, शहरको यस भागमा देखा पर्दैनन्। शहरको उत्तरीय प्रान्तमा समाजच्युत व्यक्तिहरूको बास छ। हाम्रा भ्रान्त पथिक श्री देव शर्मा घटनाक्रमले यस पिशाचपुरीमा आई पुगेका हुन्। दारूण शीत र सूचीभेद्य अन्धकार संग युद्ध गर्दै, शर्माजी व्यर्थमा गन्तव्य पथ

अविष्कार गर्ने चेष्टा गर्दै थिए, साहसा नातिदूरबाट मानिसहरूको अट्टहास्य औ कोलाहल ध्वनि शर्माजीको कर्णकुहरमा प्रवेश गर्‍यो। छेवैंमा मानिसहरूको बस्तीको सन्धान पाएर, शर्माजी आश्वस्त भए औ तेतै पट्टि अग्रसर भए । प्राचीन कुनै एक अट्टालिकाको भग्नावशेषमा अनेक नर नारी एकत्रित थिए। ओह ! त्यो दृश्श देखेर शर्माजीका चक्षुद्वय स्थिर भए। विस्मय र घृणाले तिनको मुख रक्तवर्ण भयो। आजन्म वाहांले यस्तो दृश्य देखेका थियेनन् । मतवालाहरूको ताण्डव, भ्रष्टाहरूको निर्लज्ज आचार, पतितहरूको अध:पतन- इ नित्यका अभिनय त्यहाँ चली रहेका थिए। पतिताहरूको अस्वाभाविक हास्य औ पतितहरूका अनर्गल शब्द औ विकट चीत्कार चारै पट्टि गुञ्जयमान थिए। सबै एकै धुनमा मस्त थिए, पाशविक वासनाको तृप्ति सबैको लक्ष्य थियो।

हाम्रा शर्माजी यस्तो कुत्सित दृश्य देखेर केहि काल सम्म 'कि कर्त्तव्य मिमूढ़' भएर उभी रहे, तर छिटै होशमा आएर द्रुतपदले त्यस स्थानको परित्याग गरेर बाहिर निस्के । सबै आफ्ना धुनमा मस्त थिए, शर्माजीलाई लक्ष्य गर्ने अवसर कसैलाई प्राप्त भएन । बाहिर पूर्ण अन्धकार थियो, पथभ्रांत शर्माजीलाई गन्तव्य पथ कुन हो केही थाह छैन। के गर्नु ? नितांत अनिच्छा पूर्वक मतवालाहरूलाई, केही प्रश्न गर्ने स्थित गरेर, शर्माजी फर्के।

भित्र तुमुल युद्ध चली रहेको थियो। हस्ताहस्ती, केशाकेशी, दण्डादण्डी ! विशेष केही होइन, मतवालाहरूको नियमित तथा स्वाभाविक काण्ड ! सहसा,एउटा सर्ब्बांग शोणितलिप्त व्यक्ति शर्माजीको सामनेमा भूमिसात् भयो। निधारबाट शत्धारा रक्तधारा बहदै थिए। त्यस व्यक्तिको आकृति अति कुत्सितं एवं कदाकर थियो, पापासक्तिपूर्ण चक्षुद्वय कोटरबाट बाहिर निकालिएका थिए, गण्डस्थल पापकालिमाले कलङ्कित। मानिसको आकृति यस्तो पिशाचको जस्तो हुन सक्छ, यो शर्माजीको कल्पनामा पनि उदित भएको थिएन। युद्ध समाप्त भयो, प्रमोदकारीहरू पूर्ववत् पैशाचिक क्रीड़ाहरूमा निमग्न भए। एउटा मानिस मृतप्राय: लडी रहेको छ, तर कसैलाई त्यसको सुधी लिने अवसर पनि छैन। मानिसको मानसिक तथा नैतिक अध:पत्तको यो चरम सीमा हो।

(३)

अभावनीय, अमानुषिक काण्ड शर्माजीको हृदय क्रोध, ग्लानि, दु:ख औ क्षोभले पूर्ण भयो तर तिनले आफ्नु कर्त्तव्य भुलेनन्। मुर्मूषुलाई घटनास्थलबाट उठाएर बाहिर लगे । रात्री प्राय: विती सकेको थियो। उषाका शुभ छटा अंधकारलाई पराजित गरेर आफ्नो साम्राज्य फैलाउने प्रयत्न गर्दै थिए। चराचुंरूगीहरू वृक्ष समुहमा मधुर कलरव गरेर प्रात: कालको शुभागमन सुप्त संसारलाई सुनाउँदै थिए । प्रमोदकारीहरूको उल्लास ध्वनि पनि अस्पष्टतर हुन लाग्यो।

स्वच्छ झरना अविश्रान्त कलकल शब्द गर्दै नजीकैमा बही रहेको थियो, शर्माजीले अंजुलिमा पानी ल्याएर आहत व्यक्तिको मुख सिंचन गरे। प्रातः कालको चीसो वायु र जलले गर्दा त्यस्को शरीरमा केहि शक्तिको सञ्चार भयो, औ होश फर्कयो। शर्माजी त्यसका आहत मस्तक एकांत यत्नपूर्वक द्यौत गर्न मा तन्मय थिए, मुर्मूषुको अनुहार राम्ररी हेर्ने अवसर तिनलाई प्राप्त भएको थिएन । अर्धस्फुट स्वरमा सहसा आहत व्यक्तिले केही प्रश्न गऱ्यो।

बिहान भै सकेको थियो। उषाका शुभ छटा विजितनेत्रले हाँसी रहेका थिए। सूर्य्यका वालकिरण सद्यस्फुटित पुष्पहरूलाई चुम्बन गर्दै थिए। शिक्षक र शिष्यको यो कस्तो मिलन। श्री देवशर्माले आफ्नु प्रिय शिष्य प्रतापलाई चिने, प्रतापले आफ्ना देवतुल्य गुरूलाई चिन्यो। निष्कलङ्क, निष्पाप शिक्षक अघिको जस्तै सरल तथा ममतापूर्ण थिए तर पापी पतित शिष्यको त्यो कोमल हृदय मरूभूमि झैं शुष्क औ बज्रतुल्य कठिन । शर्माजीलाई प्रतापको त्यो अधःपतन देखेर दारूण मनस्ताप भयो। शर्माजी मानिस थिए, मनुष्यताका उच्चभावहरू उनका हृदयमा बर्तमान थिए, तर अफशोस प्रताप पशु भन्दा पनि हीन भै सकेको थियो, त्यसको हृदयबाट उच्चभावहरूले एक-एक गरी बिदा लिइ सकेका थिए । अनुशोचना तथा लज्जाको भाव त्यसले मरणोन्मुख भएर पनि देखाएन । त्यही पापसक्ति पूर्ण भाव लिएर त्यसले प्राण त्याग गऱ्यो।

यो अभावनीय परिवर्त्तन, यो देवताको असुरत्त्वप्राप्ति कसरी भयो? मनोहर मानवमूर्ति यस्तो विभीषिका पूर्ण कसरी भयो? हाय जसको मनोरम निर्मल, स्वर्गीय माधुरीमय अनुहार हेरेर मानिसहरू मुग्ध हुन्थे, जस्को शिष्ट आचरणले गरूजनहरू प्रीत थिए, जसको प्रशंसा बिपक्षदलले पनि मुक्त कण्डले गर्थे, त्यही बालक कस्तो कदाकार, भ्रष्टाचार एवं पापको प्रतिकृति स्वरूपमा परिणित भयो। जसबाट समाज संसारको ठुलो आशा थियो। त्यही व्यक्ति समाजच्युत व्यक्तिहरूको नेता भयो।

एकान्त चेष्टा र यत्नले शर्माजीलाई त्यस्को इतिबृत्त अवगत भयो । पिताको मृत्यु पछि हतभाग्यले कुसंगमा लागेर सुरापान गर्न थाल्यो। क्रमशः अधिकतर दुर्जनहरूको सहबासमा अधिकतर प्रलोभनमा आकृष्ट भएर नाना दुष्कार्य्य गर्न थाल्यो औ आफै पनि दुर्जन भयो। अंत्यमा अधः पतनको चरम सीमामा पुगेर, दुर्जन कै हातबाट मारियो।

अभावनीय परिवर्त्तन? यस्तो परिवर्त्तन संसारमा नित्य हुन्छ। आज जसलाई महापापी भनेर घृणा गर्छौं, जसको अमानुषिक कार्य्यको विवरण सुनेर स्तम्भित हुन्छौं, त्यो एक दिन शायद कलङ्क निष्कलङ्क पवित्र शिशु थियो, शायद दसजना झैं त्यो पनि आदर र स्नेहमा लालित-पालित भएको थियो।

*सौजन्य : डा. दयाराम श्रेष्ठ 'सम्भव'*

[Nort]h Bengal University Library Raja Rammohunpur